।।श्री ।।

# मोरङ जिल्ला अदालत

## विराटनगर

पत्र संख्या :२०७८/०७९
चलानी नं. :

तहसिल शाखा

Website(Central):www.supremecourt.gov.np
Email :tahasil.dcmorang@supremecourt.gov.np

मितिः २०७९।०३।१३

सूचना!! सूचना!! सूचना!!

**विषयः- लिलाम बढाबढ सम्बन्धी सूचना ।**

यस अदालतमा विभिन्न मुद्दाहरूमा दशीको रुपमा प्राप्त भई जिन्सीमा आम्दानी बाँधिएका सामानहरूमध्ये तपशिलमा उल्लिखित सवारी साधनहरू(अटो-मोटरसाइकल) जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ बमोजिम डाँक लिलाम गर्नुपर्ने भएकाले तपसिलमा उल्लिखित शर्तहरूको अधिनमा रही लिलाम बढाबढ गरिने हुँदा सबैको जानकारीको लागि यो १५(पन्ध्र) दिने लिलामी सूचना प्रकाशित गरिएको छ ।

सन्तोष पोखरेल
तहसिलदार
शाखा अधिकृत

## तपसिल

| सि.नं. | सवारी साधन नं. | मोडल | इन्जिन नं. | चेसिस नं. | बनेको साल | सवारी साधनको किसिम | कायम गरिएको रकम मुल्य |
|---|---|---|---|---|---|---|---|
| १. | को ३४ प २६७ | APRILLA | BY0162FMJ-42F750083 | LBMETX103F1001029 | २०१७ | मो.सा. | ३९०४०।०० |
| २. | प्र१-०२-०४० प ५०२७ | HAYATE SUZUKI | AEA1-128955 | MB8NE44ACK8113481 | २०१९ | मो.सा. | ६९१२०।०० |
| ३. | को १ ह ७१११ | TVs Kings | OK41G4066940 | MD6H14PKOG4149815 | २०१७ | अटो | १०५३७३।४४ |
| ४. | को २ ह ६७३३ | TVs Kings | AK4G14888279 | MD6M14PA8J4174217 | २०१९ | अटो | १८१०३०।०८ |
| ५. | को २ ह ४२४१ | Bajaj RE | AZYWJF61551 | MD2A2513YXJWF15145 | २०१८ | अटो | १३५७०६।६९ |
| ६. | को २ ह ७२४१ | ATUL | VAR1902443 | MCG36P3PBD1947402 | २०१९ | अटो | १७४४९७।७९ |
| ७. | को २ ह ३९६८ | TVs Kings | AK4HJ4569403 | MD6M14PA094H58989 | २०१८ | अटो | १३८२७०।४६ |
| ८. | को २ ह ३७२९ | Bajaj RE | AZYWJE50822 | MD2A25BY3JWE13137 | २०१८ | अटो | १३८२७०।४६ |
| | जम्मा ( नौ लाख एकासी हजार तीन सय नौं रूपैंया चौवन्न पैसा मात्र ) | | | | | | ९८१३०९।५४ |

## शर्तहरू

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि २०७९।३।२७ गतेसम्म कार्यालय समयभित्र रू.२०००।- राजश्व आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरी व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत साथै राखी निवेदन दिई तहसिल शाखाबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछाप गरी तहसिल शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले आफूले बोल कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम यस अदालतको नाममा रहेको कृषि

विकास बैङ्क विराटनगरको धरौटी खाता नं.०६०१६०१०१४०७००४५ कार्यालय कोड नं.२०४९७१३०१ मा जम्मा गरी भौचर सहितको बोलपत्र पेश गर्नुपर्नेछ।

३. दर्ता भएका बोलपत्रहरू मिति २०७९।३।२७ गते सोमवार दिनको ३:०० बजे बोलपत्रदाता, निजको प्रतिनिधिहरू र यस अदालतको प्रतिनिधिहरूको रोहवरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू विदाको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. बोलपत्र खोल्ने दिन सम्ममा सूचनामा उल्लिखित कुनै सवारी साधनहरू सवारी धनीले फिर्ता लगेमा बाँकी रहेका सवारी साधनहरूको लिलाम गरिनेछ ।

५. यातायात व्यवस्था कार्यालय सवारी इटहरी, सुनसरीको पत्रबाट खुलि आएको दर्ता शुल्क, कर, नविकरण, जरिवाना बोलपत्र खरिद कर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

६. बोलपत्रमा दर, रेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७. म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

९. बोलपत्रदाताले सिलबन्दी बोलपत्र पेस गरी छानवीन भएपछि प्रथम, द्वितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिइनेछ। उक्त प्रथम हुने बोलपत्रदाताले सम्झौता गर्न नआएमा क्रमशः द्वितीयलाई दिईनेछ। द्वितीय पनि नआएमा तृतीयलाई दिइनेछ। प्रथम र द्वितीयको १० प्रतिशत धरौटी जफत गरिनेछ। बोलपत्र सकारकर्ताले बाँकी ९० प्रतिशत रकम धरौटी खातामा जम्मा गरी ७ दिनभित्र उक्त सवारी साधन (अटो-मोटरसाइकल) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ। ७ दिनभित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिनेछ।

१०. न्यूनतम मूल्यमा भन्दा कम मूल्यमा लिलाम बोल्न पाईने छैन।

११. लिलाम हुने सवारी साधनहरू प्रचलित कानून बमोजिम नेपाल सरकारको नीति विपरित नहुने गरी प्रयोग गर्न पाईनेछ।

१२. सबै सवारी साधनहरू (अटो-मोटरसाइकल)को एकमुष्ट लिलाम बोल्नु पर्नेछ।

१३. लिलाम हुने सामान हेर्न चाहने व्यक्तिले यस अदालतको तहसिल शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

१४. लिलाम सकार गराउने नगराउने अन्तिम अधिकार यस अदालतलाई हुनेछ।

१५. यस सम्बन्धी थप कुराहरू बुझ्न परेमा कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

२०७९।३।१३

..........................

(सन्तोष पोखरेल)

तहसिलदार

शाखा अधिकृत